
# खोप लगाउने चरणहरू

## ग्लाक्सोस्मीथक्लाईन
## एच वान एन वान प्यान्डेमिक फ्लु भ्याक्सिन

१ 


**भ्याक्सिन भण्डारण गर्दा तापक्रम**
+२ र +८ डिग्री सेन्टिग्रेड निर्धारण गर्नुहोस्
**खोप जम्न दिनु हुँदैन**
(पुनश्च: खोपको भायलमा भायल मोनिटर राखिएको हुँदैन)

**केही खोप उत्पादक कम्पनीहरूले एकपटक प्रयोग गरेको भ्याक्सिन +२ र +८ डिग्री सेन्टिग्रेड तापक्रममा २४ घण्टासम्म भण्डारण गर्न सकिने उल्लेख गरेका छन् । अतः भ्याक्सिन उत्पादक कम्पनीले उपलब्ध गराउने निर्देशन अनुसार भ्याक्सिन भण्डारण गर्नुहोस् ।**

---

२ 

**खोप दिने व्यक्तिहरूमा खोप दिन हुने अवस्थाहरू र खोप दिन नहुने अवस्थाहरूको जाँच गर्नुहोस् ।**
अण्डाको एलर्जी हुने र विगतमा इन्फ्लुयन्जा खोपको एलर्जी हुने व्यक्तिहरूलाई खोप दिनु हुँदैन । गर्भवती महिलाहरूले कुनै पनि समयमा खोप लिन सक्दछन् ।

---

३ 

**खोप दिने व्यक्तिहरूलाई खोपको बारेमा र खोप लिनुपर्नाको कारणहरूबारे बताउनुहोस् ।**
खोप लगाउने व्यक्तिहरूलाई उनीहरूले एच वान एन वान इन्फ्लुयन्जा खोप लिएको बारे बताउनुहोस् र यो खोपले कडा खाले श्वासप्रश्वास समस्या समेत ल्याउन एक सक्ने र यो खोपले एक किसिमको इन्फ्लुयन्जा रोग लाग्नबाट बचाउने फाइदा बारे बताउनुहोस् ।


---

## ग्लाक्सोस्मीथक्लाईन एच वान एन वान प्यान्डेमिक फ्लु भ्याक्सिन मिसाउने र लगाउने बारे निर्देशनहरू :

४  

तरल भ्याक्सिन र मिश्रण मिसाउनुपूर्व कोठाको तापक्रममा राख्नुपर्दछ र भायलभित्रको तरल पदार्थमा कुनै स-साना वस्तुहरू वा असामान्य भौतिक अवस्था भएनभएको यकिन गर्नको लागि भायललाई हेर्नुहोस र हल्लाउनुहोस् र भ्याक्सिनको भायलमा कुनै वस्तु देखापरेमा वा भ्याक्सिनको अवस्था असामान्य देखापरेमा उक्त भ्याक्सिन प्रयोग गर्नु हुँदैन ।

---

५  

मिश्रण भएको भायलबाट सिरिन्जको माध्यमबाट पूरै मिश्रण सिरिन्जमा तान्नुहोस् र सो सिरिन्जमा तानिएको मिश्रण तरल भ्याक्सिन भएको भायलमा हाल्नुहोस् ।

**यसरी २ वटा भायलहरूमा भएको मिश्रण र तरल भ्याक्सिन घोलेपछि १० मात्रा भ्याक्सिन तयार हुन्छ ।**

---

६ 

मिश्रण र तरल अवस्थामा भएको भ्याक्सिन मिसाएर राम्ररी हल्लाउनु पर्दछ । भ्याक्सिनको रंग सेतो सेतो देखिनुपर्दछ । भ्याक्सिनको रंग परिवर्तन भएमा उक्त भ्याक्सिन प्रयोग गर्नु हुँदैन ।

७ 

प्रत्येक पटक खोप लगाउनु भन्दा पहिले भ्याक्सिनको भायल हल्लाउनु पर्दछ ।

---

८ 

खोप दिनको लागि सिरिन्ज प्रयोग गर्दा मासुमा अन्य खोपहरू लगाउन प्रयोग गरिने सिरिन्ज, सोही लम्बाइ र गजको निडिलको प्रयोग गर्नुपर्दछ ।

**भ्याक्सिन तयार गरेपछि २४ घण्टाभित्र प्रयोग गर्नुहोस् र २५ डिग्री सेन्टिग्रेड भन्दा धेरै तापक्रम भएको स्थानमा भण्डारण नगर्नुहोस् ।**

---

९  

**खोप लगाउनुहोस्** : कुन उमेर समुहको लागि कति मात्रा र शरीरको कुन भागमा खोप लगाउने बारे राष्ट्रिय निर्देशिकामा उल्लेख भएअनुसार हुने गरी खोप लगाउनुहोस् ।



**विश्व स्वास्थ्य संगठनले कुनै पनि व्यक्तिको लागि एक मात्रा खोपको सिफारिस गरेको छ ।**

**खोप पाखुरामा लगाउनु पर्दछ । यदि राष्ट्रिय नीतिले नवजात शिशुहरूलाई खोप लगाउन अनुमती प्रदान गरेको छ भने जन्मेदेखि ९ महिना भन्दा कम उमेरको शिशुलाई पुठ्ठाको माथिल्लो बाहिरी भागमा खोप लगाउनु पर्दछ ।**

---

१० 

**खोप लगाएपछि निडिलको ढक्कन नलगाई सिरीन्ज सेफ्टी बक्समा राख्नुहोस् ।** खोप लगाउने बित्तिकै यो कार्य गर्नु पर्दछ ।

---

११ 

**खोपका सामान्य असरहरू र अन्य असरहरूको बारेमा खोप दिइएको व्यक्तिसँग सरसल्लाह गर्नुहोस् ।** सामान्य असरहरू : खोप लगाएको भागमा रातोपना आउनु, सुन्निनु, र दुख्नु । यी लक्षणहरू १,२ दिनमा निको हुन्छन् । श्वास फेर्न गाऱ्हो हुने लगायतका अन्य गम्भीर असरहरू देखापरेमा चाँडो भन्दा चाँडो स्वास्थ्य संस्थामा आउनु पर्दछ ।

---

१२ 

**खोप लिने व्यक्तिले केही प्रश्नहरू सोध्न बाँकी छ कि भनेर सोध्नुहोस् ।**

| | | | |
|---|---|---|---|
| **खोपको प्रकार** | निष्क्रिय भाइरल | **विशेष सावधानीहरू** | |
| **मात्रा** | एक मात्रा | **मात्रा** | ०.५ एम.एल. |
| **तालिका** | कुनै समयमा पनि दिन सकिने | **खोप लगाउने भाग** | प्रौढः पाखुराको माथिल्लो भाग र ९ महिना भन्दा कम |
| **बुष्टर** | छैन | | उमेरका बच्चाहरू : पुठ्ठाको माथिल्लो बाहिरी भाग |
| **खोप दिन नहुने अवस्था** | अण्डा र कुखुरको मासुको एलर्जी हुनेहरू | **खोपको किसिम** | |
| **सामान्य असरहरू** | खोप लगाएको स्थानमा दुख्ने, रातोपना, सुन्निनु | **खोपको भण्डारण** | +२ र +८ डिग्री सेन्टीग्रेड, जम्न दिनु हुँदैन |